नेपाल सरकार
अर्थ मन्त्रालय
# राजस्व अनुसन्धान विभाग

म.नि. ५५२७८८५
उ.म.नि.५५५१८०२
कन्ट्रोल रुम ५०१००८५
एक्सचेन्ज-५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ति

यस राजस्व अनुसन्धान विभागवाट अनुसन्धान तथा तहकिकात सम्पन्न गरी साविक कटुवाचौपारी - ४ पर्वत स्थायी ठेगाना भई हाल वुढानीलकण्ठ नगरपालिका वडा नं. ९, काठमाडौं वस्ने वर्ष ४३ का विकल पौडेल तथा निजको श्रीमती एलिना वस्नेतले विदेशी विनिमय अपचलन गरी कारोवार गरेको सम्वन्धमा जम्मा रु.६२,६५,९१,८९३।- (अक्षरेपी वैसट्ठी करोड पैंसट्ठी लाख एकानव्वे हजार आठ सय त्रियानव्वे रुपैयाँ मात्र) विगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ वमोजिम सम्मानित काठमाडौं जिल्ला अदालतमा मिति २०८१।०६।१४ मा मुद्दा (मुद्दा नम्वर ०८१-CR-००५९) दायर भएकोमा उक्त सम्वद्ध कसूरवाट आर्जित सम्पत्ति सम्वन्धमा अनुसन्धान गर्दा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख) र (ग) मा उल्लिखित कार्यहरू गरेको तथ्य अनुसन्धानवाट स्थापित हुन आएकोले यी प्रतिवादी विकल पौडेललाई विगो रु.६१,१३,२१,१५३।२० (अक्षरेपी एकसट्ठी करोड तेह्र लाख एक्काईस हजार एक सय त्रिपन्न रुपैयाँ र पैसा वीस मात्र) र निजको श्रीमती एलिना वस्नेतलाई विगो रु.७,८१,४४,०५१।५० (अक्षरेपी सात करोड एकासी लाख चवालिस हजार एकाउन्न रुपैयाँ र पैसा पचास मात्र) गरी जम्मा रु.६८,९४,६५,२०४।७० (अक्षरेपी अडसट्ठी करोड चौरानव्वे लाख पैंसट्ठी हजार दुई सय चार र पैसा सत्तरी मात्र) विगो कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) वमोजिम विगोको दोव्वर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुन तथा ऐ.ऐनको दफा ३४ को उपदफा (१) र उपदफा (२) वमोजिम सम्वद्ध कसूर गरी आर्जित सम्पत्ति जफतको मागदावी लिई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २२(२) वमोजिम यस विभागको अनुसन्धान प्रतिवेदन एवम् सोको राय वमोजिम जिल्ला सरकारी वकील कार्यालय काठमाडौंमार्फत् मिति २०८३।०१।१६ मा सम्मानित काठमाडौं जिल्ला अदालत, ववरमहल, काठमाडौंसमक्ष अभियोग पत्र दायर भएको छ।

मितिः २०८३।०१।१६

..................
(सचित कुमार वाइबा)
निर्देशक